नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# माननीय मन्त्री भानुभक्त जोशीज्यू वहाल भएपश्चात सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट भएका मुख्य मुख्य उपलब्धी

१. संघीय निजामति सेवालाई सञ्चालन र व्यवस्थापन गर्न बनेको विधेयक संघीय संसदमा प्रस्तुत भई प्रारम्भिक छलफल पश्चात राज्य व्यवस्था समितिमा दफावार छलफलको लागि गएको छ।

- प्रस्तुत विधेयक यसै अधिवेशनबाट स्वीकृत हुने गरी छलफललाई तिव्रता दिन समिति तथा राजनीतिक दलसँगको औपचारिक अनौपचारिक संवादलाई अगाडि बढाइएको छ।

२. ढुङ्गा, गिट्टी, बालुवालाई समुचित रुपमा उपयोग गर्नका लागि "निर्माणमुखी केही सामग्रीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" संसदीय समितिमा छलफलको क्रममा रहेको छ।

- निर्माण सामग्री आपूर्तिकर्ता व्यवसायी तथा निर्माण व्यवसायी लगायतका सबैको सरोकार रहेको यस विधेयकलाई छिट्टै संसदबाट स्वीकृत हुने गरी मन्त्रालयको सहजीकरण गरिएको छ।

३. स्थानीय तहलाई थप सवल एवम् क्रियाशिल बनाउने गरी कार्यविस्तृतिकरण प्रतिवेदनमा भएको थप व्याख्या सहितको परिमार्जनका विषय समटेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधन विधेयक मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा राय सुझावका लागि पठाइएको छ।

- संशोधनमाः अस्पष्ट भएका विषय, वडाको संङ्ख्या, सीमाना र केन्द्र हेरफेर, राजस्व अधिकारको थप स्पष्ठता, कार्यपालिका बैठकको कार्यविधि,जिल्ला समन्वय समितिको उपनिर्वाचन, स्थानीय तहमा पदाधिकारीको वैदेशिक भ्रमण, स्थानीय तहको व्यवस्थापन परीक्षण, वडा अध्यक्षको रिक्ततामा कार्यवाहक वडा अध्यक्ष हुने व्यवस्था मुख्य रूपमा समेटिएको छ।

४. स्थानीय तहका पदाधिकारीको वैदेशिक भ्रमणलाई थप व्यवस्थित गर्ने गरी मापदण्डको निर्माण गरी राय सुझावका लागि कानुन मन्त्रालयमा पठाइएको छ।

- मापदण्डले निश्चित सर्तमा स्थानीय तहका पदाधिकारी आन्तरिक स्रोतबाट समेत वैदेशिक भ्रमणमा जान पाउने तथा स्थानीय तहका पदाधिकारीहरुले वैदेशिक भ्रमणका क्रममा भेटघाट, वार्ता गर्नुपर्दा Protocol को ख्याल गर्नुपर्ने विषय समावेश गरिएको छ।

५. निजामती सेवाका सबै कर्मचारीलाई सिप तथा क्षमता विकासमा आवद्ध गर्ने गरी राष्ट्रिय तालिम नीतिको मस्यौदा तयार भएको छ।

- प्रदेश र स्थानीय तहमा हुने तालिमको लागि मार्गदर्शन र सहयोग सम्बन्धी व्यवस्था समेत नीतिमा समावेश गरिएको छ ।

६. संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले जिल्ला समन्वय समितिलाई दिएको भूमिकालाई थप प्रभावकारी बनाउने गरी स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरी सूचना प्रविधिमा आधारित अनुगमन प्रणाली सञ्चालनमा ल्याइएको छ।

- स्थानीय तहका उपलब्धीलाई राष्ट्रिय तथ्याङ्क प्रणालीमा आवद्ध गराउन, असल अभ्यासको आदान प्रदान गर्न तथा स्थानीय समस्या समाधानमा सिकाइ अनुसरण गर्न र स्थानीय तहमा अभिलेख व्यवस्थापन गर्न प्रणाली उपयोगी हुने गरी तयार गरिएको छ ।

७. महिला, बालबालिका र किशोरीमा रहेको कुपोषण जन्य समस्यालाई स्थानीय तहमा शासकीय अभियानको रूपमा सञ्चालनमा सहयोग पुग्ने गरी पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८० स्वीकृत भएको छ।

८. फोहोरमैला व्यवस्थापन विधेयकको अन्तिम मस्यौदा तयार गरी शहरी विकास मन्त्रालयमा प्रेषित गरिएको छ।

९. स्थानीय तहमा आर्थिक अनुशासन, बजेट तथा कार्यक्रम प्रणालीमा सुधारमा सहयोग गर्ने गरी स्थानीय तहको मध्यकालिन खर्च संरचना दिग्दर्शन, २०७८ लाई परिमार्जन गरिएको।

- ८५ वटा स्थानीय तहको मध्यकालिन खर्च संरचना तर्जुमामा सहजीकरण एवं पृष्ठपोषण प्रदान गरिएको छ ।

१०. दोलखाको भिमेश्वर नगरपालिका र चीनको दुजियाङ्यान शहरबीच भगिनी सम्बन्ध स्थापनाको कार्य अगाडि बढेको छ ।

११. सङ्घीयता कार्यान्वयनको सन्दर्भमा मार्गचित्र पहिचान र सङ्घीयता सम्बन्धी संवाद श्रृङ्खला तथा रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गरिएको छ।

१२. स्थानीय तहमा लामो समय देखि रहेको वडाको केन्द्र तथा सीमाना हेरफेरलाई सहज तरिकाले सहजीकरण गर्ने गरी कार्यविधिको मस्यौदा तयार भएको छ।

१३. स्थानीय तहको विकास व्यवस्थापनमा सहयोग र सहजीकरण गर्ने गरी १५ वटा स्थानीय तहमा जग्गा प्राप्ति र ११ वटा स्थानीय तहलाई सरकारी जग्गा उपयोग तथा लिजमा उपलब्ध गराउन गरी म.प.मा प्रस्ताव पेश गरिएको र सम्बन्धित मालपोत कार्यालयमा सिफारिस गरिएको छ।

१४. विपद् व्यवस्थापनमा स्थानीय तहलाई सहयोग र सहजीकरण गर्ने गरी समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन प्लेटफर्म [Community Based Disaster Risk Management (CBDRM) Platform] को पाँचवटा बैठक सम्पन्न भएको छ।

- यस्ता बैठकबाट स्थानीय तहलाई विपद् पूर्व तयारी तथा विपद्को समयमा खेल्नुपर्ने भूमिकाको सम्बन्धमा मार्गदर्शन गरिएको छ ।

१५. दीगो विकास, जलवायु परिवर्तन अनुकुल कार्यक्रम र फोहरमैला व्यवस्थापनमा जस्ता कार्यमा स्थानीय तहलाई थप अग्रसर बनाउने गरी वातावरण मैत्री स्थानीय शासन पारूप कार्यान्वयनमा सहजीकरण गरिएको छ।

१६. स्थानीय सेवा प्रवाह, योजना तथा बजेट निर्माण, स्थानीय समस्या समाधानमा सहयोग पुग्ने गरी १३ वटा स्थानीय तहको सहजीकरण गरिएको छ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

१७. आर्थिक तथा सामाजिक विकासमा पछाडि परेका उच्च पहाडी तथा हिमाली ४९ जिल्लाका स्थानीय तहमा स्वरोजगार, सशक्तिकरण, उद्यमशिलता तथा समावेशीकरणलाई थप प्रवर्द्धन गर्न आगमी आर्थिक वर्षबाट सञ्चालन हुने उच्च पहाडी तथा हिमाली स्वरोजगार कार्यक्रमको अवधारणा पत्र तयार गरी बजेटमा समावेश गरिएको छ।

१८. प्रदेश तथा स्थानीय तहको शासकीय क्षमता विकासमा थप सहयोग गर्ने गरी आगमी आर्थिक वर्ष देखि अष्ट्रेलियन सरकारको सहयोगमा स्थानीय शासन सबलीकरण कार्यक्रम अगाडि बढाउन सम्झदारीको प्रकृया अगाडि बढाइएको छ।

१९. फिनल्याड सरकार र युरोपियन युनियन तथा तीनै तहका सरकारको संयुक्त लगानीमा स्थानीय स्तरमा जलवायु परिवर्तनको प्रभाव कम गर्न सहयोग पुऱ्याउन कर्णाली र सुदुर पश्चिम प्रदेशका स्थानीय तहमा खानेपानी तथा सरसफाई क्षेत्रका पूर्वाधार निर्माण लगायतको कार्यमा काम गर्ने गरी स्थानीय जलवायु अनुकुलन कार्यक्रम आगामी आ.व. मा सञ्चालन हुने गरी मोडालिटी तयार गरिएको छ।

२०. सुशासनमा अबल तथा पूर्वाधार विकासमा कमजोर रहेका कर्णाली तथा लुम्बिनी प्रदेशका ३५ स्थानीय तहमा आगमी आर्थिक वर्षबाट सञ्चालन हुने गरी स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा स्थानीय तह छनौटको अन्तिम चरणमा रहेको छ।

२१. चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमना जोडिएका जिल्लाका स्थानीय तहमा पूर्वाधार निर्माण तथा बस्तुगत सहायता गर्ने गरी हिमाली क्षेत्र आयोजना सहायता कार्यक्रम सञ्चालनको सम्झदारी पत्र आदान प्रदान भएको छ । यस कार्यक्रम आगमी वर्षबाटै सञ्चालन गर्ने गरी प्रकृया अगाडि बढाइएको छ ।

२२. भारत सरकारको सहयोगमा सञ्चालित हुने आयोजना सहयोग कार्यक्रमको कार्यान्वयन ढाँचा निर्धारण गरी स्थानीय तहमा जानकारी गराइएको छ।

२३. प्रदेश तथा स्थानीय तहको शासकीय क्षमता विकासमा सहयोग पुऱ्याउने गरी सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको दोस्रो चरणको कार्यक्रम दस्तावेज तयार गरिएको छ।

- शासकीय क्षमताका पूर्वाधार निर्माणमा समेत सहयोग परिचालन गर्ने तथा स्थानीय तहको संस्थागत क्षमता विकासमा कार्यक्रम सञ्चलान गर्ने गरी दस्ताबेज तयार भएको छ।

२४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय लगायत विभिन्न ११ वटा मन्त्रालय तथा निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कुल दरबन्दी ८२९६ बाट २७६३ पदहरु कटौती र ९४१ थप भई जम्मा ६४७४ दरबन्दी कायम भएको छ ।

२५. सरकारी निकायको समग्र व्यवस्थापकीय क्षमता मुल्याङ्कन गरी व्यवस्थापन सुधारमा सहयोगको थालनी गर्न १५ वटा संघीय निकायको व्यवस्थापन परीक्षण सम्पन्न गरियो।

२६. निजामती सेवा रहेको प्रतिभा प्रस्फुटन गरी समग्र शासकीय सुधारमा पृष्ठपोषण र उपयोग गर्ने गरी प्रतिभा डबली कार्यक्रमको तेस्रो श्रृङ्खला सम्पन्न गरिएको छ।

२७. करिब ७३५ जना निजामती कर्मचारीको सन्ततीलाई उच्च शिक्षा हासिलमा सहयोग गर्ने गरी २१ करोड ११ लाख बराबरको रकम निजामती कर्मचारी शैक्षिक सन्तती वृत्ति प्रदानको काम सम्पन्न हुने क्रममा रहेको छ।

२८. साविकमा रहेका बादी विकास समिति, दलित विकास समिति, पिछडा वर्ग विकास उत्थान समितिलाई खारेज गरी दलित, आदिवासी जनजाती तथा पिछडा वर्गलाई समेट्ने र तिनीहरुको सर्वाङ्गिण विकासका लागि प्राधिकरण गठन गर्ने नेपाल सरकारको नीतिगत प्रतिवद्धता बमोजिमको कार्य अगाडि बढाइएको छ।

२९. काभ्रेको नमोबुद्धमा नेपाल प्रशासनिक प्रशिक्षणको केन्द्र स्थापना र विकासका लागि चाहिने ५०० रोपनी जग्गा प्राप्तिका लागि प्रक्रियाको लागी सहजीकरण गरिएको छ।

३०. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट सरकारी एवं सार्वजनिक निकायका १९८० जना अधिकृत कर्मचारीलाई प्रशिक्षण कार्यक्रम सम्पन्न् गरिएको छ।

३१. संघ, प्रदेश तथा स्थानीय तहका सहायकस्तरका कर्मचारीहरुका लागि ३० कार्यदिनको २ वटा सेवाकालिन प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ।

- यस अवधिमा स्थानीय विकास तालिम प्रतिष्ठानबाट १,०४० जना प्रतिनिधि तथा कर्मचारीको क्षमता विकासको कार्यक्रम सम्पन्न भएको छ।

३२. निजामति कर्मचारी अस्पतालमा नर्सिङ्ग लगायत चिकित्सा शिक्षा अध्ययन गराउने, अस्पतालको सेवा सातै प्रदेशमा विस्तार गर्ने लगायतका व्यवस्था थप गर्ने गरी निजामति कर्मचारी अस्पताल गठन आदेश संशोधनको मस्यौदा तयारी अगाडि बढाइएको छ।

३३. निजामती कर्मचारी अस्पताललाई मुटु र फोक्सो प्रत्यारोपण गर्ने केन्द्रका रुपमा विकास गर्ने गरी अध्ययन कार्यदल गठन गरिएको छ।साथै अस्पतालबाट Tube for DR X-Ray ,नवजात शिशुको लागि NICU र PICU क्षमता बिस्तार, मृगौता रोगीको लागि डाइलासिस सेवा सञ्चालनमा ल्याइएको छ।

३४. राष्ट्रिय किताबखाना निजामतिको सेवालाई थप सहज र प्रभावकारी बनाउने गरी अनलाइन सेवाको बिस्तार र पुराना श्रेस्तालाई डिजिटल प्रति बनाइएको छ ।

३५. स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउने सम्वन्धी मापदण्ड तयार भई स्वीकृतिको चरमा रहेको छ ।

३६. यसैगरी निजामती कर्मचारीको सरुवा तथा पदस्थापना सम्वन्धी मापदण्ड तयारीको चरमा रहेको छ ।

मिति: २०८१/०३/०६